आज मिति २०८१ असोज १९ गते विहान ८ बजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत :- श्री मनि राना मगर

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनमुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**मिति २०८१ असोज १९ गते बिहान ८:०० बजे बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।**

**निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

आ.व.२०८१ असोज २ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यन्वयनको अवस्था र प्रगति बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं - २ नयाँ आलु पकेट विकास कार्यक्रम सन्चालन सम्बन्धमा ।**

आ.व. २०८१/८२ मा नयाँ आलु पकेट विकास कार्याक्रम सञ्चालनको पकेट क्षेत्र निर्धारण सम्बन्धमा छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको परिच्छेद ४ को ४.१.८ (ख) अनुसार गठित प्रबिधिक समितिबाट मिति २०८१/०६/०१ गते का दिन यस मर्स्याङ्दी गाउँपालिकाको कृषि विकास शाखाको चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमको सशर्त तर्फको आ.व. २०८१/८२ मा नयाँ आलु पकेट विकास कार्यक्रम अन्तर्गत वडा नं. ०३, घोसिङमा रहेको सिरसोरा घोसिङ कृषि तथा पशु फर्म, वडा नं. ०२, घनपोखरामा रहेको घोप्टे आलु खेती कृषक समूह र वडा नं. ०८, भुस्मेमा रहेको भुस्मे तरकारी पकेट सञ्चालक समितिमा आवद्ध कृषकहरुको फर्महरु अनुगमन मूल्याङ्कन गरी सिफारिस गरे अनुसारको तपशिल बमोजिमको मर्स्याङ्दी गाउँपालिकाको वडा नं. २, ३ र ८ लाई पकेट क्षेत्र निर्धारण गरी तपसिल बमोजिमको बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले सर्वसम्मत निर्णय गरियो ।

निर्णय गरियो।

**तपशिल:**

| क्र.सं. | रकम विनियोजन शिर्षक | लाभग्राहिको तर्फबाट | कार्यालयको तर्फबाट | अनुदानको सिमा रकम | कै. |
|---|---|---|---|---|---|
| १ | सिरसोरा घोसिङ कृषि तथा पशु फर्म | ५०,०००/- | ५०,०००/- | ५०% | |
| २ | घोप्टे आलु खेती कृषक समूह | ४,९०,०००/- | ४,९०,०००/- | ५०% | |
| ३ | भुस्मे तरकारी पकेट सञ्चालन समिति | ३,५०,०००/- | ३,५०,०००/- | ५०% | |
| ४ | बैठक भत्ता | | ४०,०००/- | | |
| ५ | अनुगमन तथा व्यवस्थापन खर्च | | १,२०,०००/- | | |
| ६ | आलु खेती सम्बन्धि तालिम | | १,५०,०००/- | | |
| | जम्मा | | १२,००,०००/- | | |

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ३ : गाउँपालिका अध्यक्षको चिन भ्रमण सम्बन्धमा।**

Academy for International Business Officials (AIBO), Ministry of Commerce, P. R. China ले २०२४ अक्टोबर १५ देखि २८ सम्म बेईजिङमा आयोजना गरेको Seminar on Public Cultural Service Reform and Healthy Development for Developing Countries Project Profile मा सहभागि हुन यस मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष श्री अर्जुन गुरुङको चिन भ्रमण यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले सर्वसम्मत स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ : आठखेत भित्रि बाटोको योजना सम्सोधन सम्बन्धमा।**

आ.व.२०८१/०८२ बजेट किताबको वडागत योजना तथा कार्यक्रमहरु अन्तर्गतको वडा नं. ४ को क्रम संख्या ९४ र १०३ मा आठखेत भित्रि बाटो शिर्षकमा क्रमश रु. २ लाख, रु. २ लाख बजेट विनियोजन हुन गएकोमा उक्त दुवै योजनाहरु एउटै भएको हुँदा दुवै योजनालाई गाभी रु.४ लाख बनाई एउटै प्राविधिक ल.ई. अनुसार एउटै उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्न यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५ : आर्थिक सहयोग सम्बन्धमा।**

❖ विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो।

१. मनासलु मर्स्याङ्दी क्लव, मर्स्याङ्दी -५ लाई मर्स्याङ्दी -५ स्थित धार्मीक एवं रमणिय ताल ठुलागी ताल सम्म जाने बाटो सरसफाई तथा प्रवर्द्धनको निम्ति रु. २५,०००।- (अक्षरुपी पच्चिस हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो।

२. श्री दिव्य ज्योति युवा क्लव, मर्स्याङ्दी -९, पाम्पचोकलाई विजय दशामीको अवसरमा आयोजित वडा स्तरिय पुरुष भलिबल प्रतियोगिता साथै अन्य सांस्कृतिक कार्यक्रमहरु आयोजनाको लागि रु.३०,०००।- (अक्षरुपी तिस हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो।

३. विजया दशैंको पुजा लगायत चाडपर्वको लागि जिल्ला प्रहरी कार्यालय, लमजुङलाई रु.३०,०००।- (अक्षरुपी तिस हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो।

४. विजया दशैंको पुजा लगायत चाडपर्वको लागि खुदी प्रहरी चौकीलाई रु.२०,०००।- (अक्षरुपी बिस हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो।

५. विजया दशैंको पुजा लगायत चाडपर्वको लागि अस्थाई प्रहरी पोष्ट जगतलाई रु.१५,०००।- ( अक्षरुपी पन्ध्र हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो।

६. विजया दशैंको पुजा लगायत चाडपर्वको लागि प्रहरी चौकी, बाहुनडाँडालाई रु.१५,०००।- ( अक्षरुपी पन्ध्र हजार मात्र) सहयोग उपलब्ध गर्ने निर्णय गरियो।

अर्जुन गुरुङ
अध्यक्ष



AnyScanner

❖ विविध कार्यक्रम खर्च (२२५२९) विपद् व्यवस्थापन कोषबाट निम्नानुमार सहयोग गर्ने निर्णय गरियो।

१. बेल बहादुर तामाङ, मस्यांङदी ७, जंगल जांदा भालुले टोकी गम्भिर घाईते भई उपचार गनको लागि विविध कार्यक्रम खर्च (२२५२९), विपद् व्यवस्थापन कोषबाट १५,०००।- (अक्षरुपी पन्ध्रहजार मात्र सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२. मर्स्याङ्दी- ५, तल्लो चिप्ला गाउँमा २०८१ साउन १२ गतेको अविरल वर्षाको कारण गाउँलेहरुलाई अस्थायी रुपमा स्थानान्तरण गर्नको लागि त्रिपाल उपलब्ध गराउन लागेको खर्च रु. ३७,९९८। (अक्षरुपी सैतिस हजार नौ सय अन्ठानब्बे मात्र। विविध कार्यक्रम खर्च (२२५२९), विपद् व्यवस्थापन कोषवाट उपलब्ध गराउने निर्णय गरियो।

३. मर्स्याङ्दी-४ जगत टोल र कालाघिरिङ टोलमा २०८१ भदौ ३० गतेको अविरल बर्षाको कारण खानेपानीको पाईपहरु क्षति पुर्‍याएको हुँदा उक्त टोलहरुमा खानेपानीको पाईप उपलब्ध गराउने लागेको रकम रु.३६,१९९।- (अक्षरुपी छत्तिस हजार एक सय उनान्सय मात्र) विविध कार्यक्रम खर्च (२२५२९), विपद् व्यवस्थापन कोपबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ खरिद समिति गठन सम्बन्धमा ।**

मस्यांङदी गाउंपालिकाले खरिद सम्बन्धी कार्यबोझ र कार्यप्रकृक्तिको आधारमा खरिद ईकाई स्थापना गर्नुपर्ने भएकोले तपसिल बमोजिमको खरिद ईकाई समिति गठन गर्ने निर्णय गरियो ।

निम्नाः

१. प्रशासन शाखा प्रमुख- संयोजक

२. सूचना प्रविधि अधिकृत- सदस्य

३. सम्बन्धित शाखा प्रमख- सदस्य सचिव

**निर्णय नं. ७ फर्निसिङका सामान खरिद सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्झौता अगावै सम्पन्न भएको र निर्माण व्यवसायीबाट हस्तान्तरणको प्रक्रियामा रहेको हुंदा साविकको प्रशासकीय भवनबाट नयाँ प्रशासकीय भवनमा सरी दैनिक कार्य संचालन तथा सेवा प्रवाह गर्नको लागी आवश्यक पर्ने कार्यालय सामान फर्निचर साविकमा भएका शाखाको टेबल, कुर्सी, सोफा नै प्रयोग गरी खर्च मितव्ययिता अपनाउने तथा आ.ब. २०८१/८२ मा प्रशासकीय भवनको फर्निचर खरिदको लागी विनियोजन भएको बजेट रु २५,००,०००.००(अक्षरुपीः पच्चीस लाख रुपैया मात्र)बाट हाल पर्दा, सोफासेट, टि टेवल र बोस कुर्सी खरीद गर्ने र पछि आवश्यक परेको खण्डमा आवश्यकता अनुसारको खरिद गर्ने गरी यो पटकलाई रु १० लाख रकम सम्मको सामान खरिद प्रकृया अगाडी बढाउने सर्वसम्मतीले निर्णय गरियो।